DEMOCRACY RESOURCE CENTER

# प्रथम चरण स्थानीय निर्वाचनको प्रारम्भिक पर्यवेक्षण प्रतिवेदन

**जेठ २४, २०७४**

## १. परिचय

वैशाख ३१, २०७४ मा नेपाली जनताले भर्खरै गठन गरिएका स्थानीय एकाईहरूका लागि प्रतिनिधि चयन गर्न दुई चरणमा हुँदै गरेको निर्वाचनको पहिलो चरणमा मतदान गरे । वैशाख १८, २०७४ देखि डेमोक्रेसी रिसोर्स सेन्टर (डीआरसी) नेपालले वैशाख ३१ र जेठ ३१ मा हुने दुवै निर्वाचन पर्यवेक्षणका लागि आठ घुम्ती पर्यवेक्षण टोलीहरू खटाएको छ ।[1] डीआरसी नेपालको सीमित पर्यवेक्षणको लक्ष्य निर्वाचन तथा राजनीतिक प्रक्रियाको आलोचनात्मक, स्वतन्त्र तथा गुणस्तरीय विश्लेषण गर्नु रहेको छ । यस पर्यवेक्षणको उद्देश्य सरोकारवालाहरूलाई आवधिक तथा महत्वपूर्ण सूचना उपलव्ध गराउनु तथा भावी निर्वाचनहरूका लागि सान्दर्भिक नीतिगत सुझावहरू उपलव्ध गराउनु रहेको छ ।

यस प्रतिवेदनमा वैशाख ३१ को पहिलो चरणको निर्वाचनअघि, निर्वाचनका दौरान तथा निर्वाचन पश्चातका राजनीतिक तथा निर्वाचनसम्बन्धी परिवेशबारे डीआरसी नेपालको पर्यवेक्षणका प्रारम्भिक परिणाम समेटिएका छन् । डीआरसी नेपालले दोस्रो चरणको निर्वाचन समापन भएलगत्तै दोस्रो प्रारम्भिक प्रतिवेदन, र दुवै चरणका निर्वाचनपछि अन्तिम तथा विस्तृत प्रतिवेदन सार्वजनिक गर्नेछ ।

## २.अहिलेसम्म डीआरसी नेपालको पर्यवेक्षण

वैशाख १८, २०७४ मा डीआरसी नेपालले प्रदेश ३, ४ र ६ मा पहिलो चरणको निर्वाचन पर्यवेक्षण गर्न ३ घुम्ती पर्यवेक्षण टोली खटायो । त्यसको एक सातापछि एक अतिरिक्त घुम्ती टोली पनि खटाइयो । निर्वाचन आयोगले निर्वाचनका लागि गरेको तयारी, उमेदवार मनोनयन प्रक्रिया, प्रचारप्रसार तथा सुरक्षा वातावरणजस्ता निर्वाचन प्रक्रियाका महत्वपूर्ण पक्षहरूलाई मिहीन रूपमा बुझ्न यी घुम्ती टोलीहरू आआफ्ना कार्यक्षेत्र प्रदेशका जिल्ला, नगरपालिका तथा गाउँपालिकाका सरोकारवाला तथा नागरिकहरूसँग साक्षात्कार गर्दै यात्रा गरिरहेका छन् । निर्वाचन पूर्वको वातावरण, पहिलो चरणको निर्वाचनको दिन तथा निर्वाचन पश्चातको परिवेश पर्यवेक्षण गर्न जेठ २२, २०७४ सम्ममा डीआरसी नेपालका पर्यवेक्षकहरूले २६ जिल्लाका जम्मा ४५ स्थानीय एकाईहरू भ्रमण गरिसकेका छन् ।[2]

वैशाख २९, २०७४ मा डीआरसी नेपालले जेठ ३१ मा हुने भनिएको दोस्रो चरणको निर्वाचनको पर्यवेक्षण प्रारम्भ गर्नका लागि थप चार पर्यवेक्षण टोलीहरूलाई प्रदेश १, २, ५ र ७ मा खटायो । अहिलेसम्म ती चार टोलीले चारवटा

[1] डिआरसीको प्रत्येक टोलीमा निर्वाचन पर्यवेक्षण र निर्वाचनसम्बन्धी कानुनी संरचनाका विषयमा तालिम प्राप्त दुई सदस्य छन् जसले पर्यवेक्षणका लागि आवश्यक फारम र चेकलिस्ट उपयोग गरी उपयुक्त सूचना संकलन गर्छन् ।

[2] निर्वाचनको दिन डिआरसी नेपालको पर्यवेक्षण टोलीले ६ जिल्लाका १०६ मतदान केन्द्रमा मतदानको सुरुआत, मतदान, समापन र मतगणनाको पर्यवेक्षण गरेको थियो ।

प्रदेशभरिमा जम्मा १८ वटा जिल्लाका ३४ स्थानीय निकायको पर्यवेक्षण गरिसकेका छन् । प्रदेश ३, ४ तथा ६ मा खटाइएका पर्यवेक्षण टोली तथा अतिरिक्त टोली पनि छिट्टै प्रदेश १, २, ५ र ७ मा खटिएर असार १४ मा हुने निर्वाचनको पर्यवेक्षण गर्ने छन् । निर्वाचन अघिको राजनीतिक परिस्थिति तथा दोस्रो चरणको निर्वाचनका लागि तयारीलाई अझ राम्ररी बुझ्न डीआरसी नेपालकाटोलीहरूले आफ्नो पर्यवेक्षण कार्यलाई निरन्तरता दिनेछन् । साथै, टोलीहरूले दोस्रो चरणको निर्वाचनमा मतदान, मतगणना तथा निर्वाचन पश्चातको परिवेशको पनि पर्यवेक्षण गर्नेछन् ।

डीआरसी नेपालको मुख्य टोलीमा निर्देशक, निर्वाचन तथा कानुनी विश्लेषक, पर्यवेक्षण संयोजक र प्रबन्धकका साथै अन्य सहायक कर्मचारी छन् । डीआरसी नेपालले पर्यवेक्षणका साथै राष्ट्रिय स्तरमा सरोकारवालाहरूसँग परिणाम तथा सुझावबारे अन्तरक्रिया गर्दछ । डीआरसी नेपालको पर्यवेक्षण तथा विश्लेषणलाई निर्वाचन सम्बन्धित घटनाहरूको अनुगमन तथा विश्लेषणमा संलग्न डीआरसी नेपालको राजनीतिक हिंसा अनुगमन कार्यक्रमले थप सहायता दिएको छ ।[3]

### ३. राजनीतिक घटनाक्रम

असोज ३, २०७२ मा नेपालले नयाँ संविधान अपनाएसँगै २०७४ सालको मध्यसम्ममा स्थानीय, प्रादेशिक तथा केन्द्रीय स्तरका लागि निर्वाचन गर्ने बाटो खुल्यो । नयाँ संविधान अत्यन्तै विवादास्पद रह्यो जसका कारण नेपालभरि नै सीमान्तकृत तथा अल्पसंख्यक समूहहरूले प्रतिनिधित्वमा सुधार माग गर्दै विरोध गरे । विरोधरत मधेशी दलहरूको कैयौं महिना लामो नाकाबन्दी सहितको प्रदर्शनको सिलसिलामा ५० जनाभन्दा बढीको ज्यान गयो ।[4]

नयाँ संविधानको प्रमुख प्रावधानमध्ये एक नेपालका स्थानीय सरकारका एकाईहरूको पुनर्संरचना तथा केन्द्रमा निहित शक्तिलाई नवनिर्मित प्रादेशिक तथा स्थानीय एकाईहरूसम्म पुऱ्याउनु थियो । एक वर्ष भित्रमा नयाँ स्थानीय एकाईहरू प्रस्ताव गर्ने निर्देशनसहित चैत २, २०७२ मा स्थानीय तह पुनर्संरचना आयोग गठन गरियो । उक्त आयोगले प्रस्ताव गरेका जम्मा ७४४ स्थानीय एकाई मन्त्रिपरिषदले चैत २, २०७३ मा अनुमोदन गरेसँगै कार्यान्वयनमा आए । अपेक्षित निर्वाचनलाई सम्भव तुल्याउने उद्देश्यसहित स्थानीय तह पुनर्संरचना प्रक्रियालाई हतारमा ल्याइएको थियो । यस प्रक्रियाको विरोध पनि भई नै रहेको थियोः स्थानीय एकाईहरुभन्दा पहिले नयाँ प्रदेशहरू निर्माण गर्न माग गर्दैआएका मधेशी दलहरूले यसको विशेष विरोध गरेका थिए ।[5] स्थानीय एकाईहरूको संख्याको विषय पनि अत्यन्तै विवादास्पद रहेको थियो जसका कारण मधेशकेन्द्रित दलहरूलाई दोस्रो चरणको निर्वाचनमा संलग्न गराउन सरकारले दुई चरणका निर्वाचन बीचको समयमै पनि थप २२ नयाँ एकाई प्रस्ताव गर्नुपरेको थियो ।[6]

साउन २०, २०७३ मा प्रधानमन्त्री पुष्पकमल दाहालको नेतृत्वमा नयाँ सरकार गठन भयो । नेकपा माओवादी-केन्द्र तथा नेपाली कांग्रेसको संयुक्त सरकारलाई संघीय लोकतान्त्रिक मधेशी मोर्चाको समर्थन प्राप्त भयो । सरकार तथा मधेशी मोर्चाबीच मधेशी मोर्चाको माग सम्वोधन गर्नका लागि स्थानीय, प्रादेशिक तथा संसदीय निर्वाचन गर्नुअघि संविधान संशोधन गर्ने सहमति भयो ।

[3] डिआरसी नेपालले जारी गरेका राजनीतिक हिंसा अनुगमन कार्यक्रमका प्रतिवेदनका लागि हेर्नुहोस्: http://democracyresource.org/political-voilence-monitoring/

[4] मुख्य रुपमा तत्कालीन मधेशी मोर्चाले आन्दोलनको नेतृत्व गरेको भए पनि थारु र अन्य साना दलहरु पनि विरोधमा थिए ।

[5] स्थानीय निकाय पुनर्संरचना सम्बन्धी डीआरसी नेपालको विश्लेषणात्मक प्रतिवेदनका लागि हेर्नुहोस्: http://democracyresource.org/political-situation-and-constitution-implementation/

[6] हेर्नुहोस् http://www.nagariknews.com/news/20655/ । तर जेठ १२ मा सर्वोच्च अदालतले स्थानीय निकायको संख्या नथप्न आदेश दिएको छ ।

प्रधानमन्त्री दाहालको सरकारले संविधान संशोधन गर्ने प्रयास गऱ्यो तर त्यसका लागि संसदमा आवश्यक समर्थन जुटाउन असमर्थ भयो । संविधान संशोधन गर्ने पहिलो प्रयासले नेकपा एमालेको कडा प्रतिरोधको सामना गर्नुपऱ्यो । साथै, उक्त संशोधनमा प्रदेश ५ का तराईका जिल्ला र पहाडी जिल्लालाई छुट्याउन प्रादेशिक सीमामा हेरफेर गर्ने प्रस्ताव रहेकाले प्रदेश ५ मा हिंसात्मक विरोधहरू भए ।[7] संविधान संशोधन गर्ने प्रयास विफल भएपछि सरकारले स्थानीय निर्वाचन प्रक्रियालाई अघि बढाउँदै निर्वाचनको तयारी सँगसँगै संविधान संशोधन गर्ने निर्णय गऱ्यो । फागुन ९, २०७३ मा सरकारले वैशाख ३१, २०७४ मा निर्वाचन गर्ने घोषणा गऱ्यो । यसको प्रतिक्रियास्वरूप तराईभरि नै विरोध भयो किनभने संविधानको प्रस्तावित संशोधन पास भइसकेको थिएन ।

फागुन २०, २०७३ मा नेकपा-एमालेले मेची-महाकाली अभियानसँगै आफ्नो चुनावी अभियान सुरु गऱ्यो जसअन्तर्गत पार्टी सदस्यहरूले तराई भ्रमण गर्ने भए । मधेशी दलहरूले सक्रिय रूपमै विरोध गर्नेछन् भन्ने उल्लेख्य चिन्ता हुँदाहुँदै पनि नेकपा-एमालेले आफ्नो अभियानलाई अघि बढायो । नेकपा-एमालेको मेची-महाकाली अभियानको क्रममा फागुन २३, २०७३ मा सप्तरीमा आयोजित कार्यक्रममा मधेशकेन्द्रित पार्टी कार्यकर्ता तथा सुरक्षाकर्मीहरूबीच भिडन्त हुँदा पाँच मधेशी प्रदर्शनकारीहरूको मृत्यु भयो । यस घटनाका कारण थप विरोध प्रदर्शनहरू भए जसको सिलसिलामा सार्वजनिक कार्यालयहरू तोडफोड गरिए, राष्ट्रिय मानव अधिकार आयोगको टोलीमाथि आक्रमण भयो, प्रमुख निर्वाचन आयुक्तको घर तोडफोड गरियो र नेकपा-एमाले कार्यकर्ता तथा मधेशी एवं थारु प्रदर्शनकारीबीच झडप पनि जारी रह्यो ।[8]

चैत २, २०७३ मा मधेशी मोर्चाले सरकारबाट समर्थन फिर्ता लियो र संविधान संशोधनमार्फत आफ्ना माग सम्बोधन नभए वैशाख ३१ गतेको निर्वाचन बहिष्कार गर्ने तथा बिथोल्ने घोषणा गऱ्यो । तत्पश्चात मोर्चाले तराईभरि नै निर्वाचन विरुद्ध विरोध कार्यक्रम सुरु गऱ्यो ।

मधेशी मोर्चाले सरकारबाट समर्थन फिर्ता लिएसँगै तराईमा सफल निर्वाचन गराउने राजनीतिक वातावरण नरहेको चिन्ता उब्जियो । तराईमा भएका विरोध कार्यक्रमका कारण निर्वाचन आयोगले पनि तराईका केही विशेष जिल्लाहरूमा निर्वाचनका लागि आवश्यक तयारी गर्न असमर्थ भयो । वैशाख ९, २०७४ मा सरकारले स्थानीय निर्वाचन दुई चरणमा गर्ने निर्णय गऱ्यो जसअन्तर्गत तराईमा कुनै पनि जिल्ला नभएका प्रदेशहरूमा वैशाख ३१ मा पहिलो चरण तथा बाँकी प्रदेशहरूमा जेठ ३१ मा निर्वाचन हुने भयो ।

सरकार र मधेशकेन्द्रित दलहरूबीच दोस्रो चरणको निर्वाचनअघि नै फास्ट ट्र्याक प्रक्रियाबाट संविधान संशोधन गरिने सहमति भएपछि सरकारले निर्वाचन गर्ने निर्णय गऱ्यो । एकातिर निर्वाचन हुने भनिएका जिल्लाहरूमा चुनावी अभियानसँग सम्बन्धित घटनाहरू बढे भने अर्कातिर तराईमा विरोधका घटना उल्लेख्य रूपमा घटे ।[9]

वैशाख १९, २०७४ मा उमेदवार चयन गर्ने दिनसम्मै वैशाख ३१ को निर्वाचनबारे अन्यौल बाँकी नै रह्यो । वैशाख ३१ को एक हप्ता अघिसम्म पनि निर्वाचन आयोगले निर्वाचनका लागि आवश्यक तयारी गर्ने सामर्थ्यबारे आशंका रहेकै थियो । मतदाता परिचय पत्र वितरणका साथै निर्वाचन सामग्री पुऱ्याउनमा हुनेढिलाइका कारण निर्वाचन पछि सर्नसक्ने चिन्ता थियो । राजनीतिक दल तथा उमेदवारहरूले उमेदवार मनोनयनपछि मात्रै निर्वाचन हुनेमा ढुक्क भई चुनावी प्रचारप्रसार पूर्णरूपमा सुरु गरेको मिडिया तथा पर्यवेक्षकहरुले रिपोर्ट गरेका थिए ।

---

7 हेर्नुहोस् http://kantipur.ekantipur.com/news/2016-12-03/20161203174330.html

8 हेर्नुहोस् डीआरसी नेपालको विश्लेषण अद्यावधिक २ - निर्वाचनको वातावरणमा सप्तरी घटनाको असर: http://democracyresource.org/wp-content/uploads/2017/04/Analysis-Update-2_Nepali.pdf

9 हेर्नुहोस् डीआरसी नेपालको विश्लेषण अद्यावधिक ५ - वैशाख ३१ को निर्वाचन प्रचारप्रसारमा भएका घटनाहरू: http://democracyresource.org/wp-content/uploads/2017/05/Analysis-Update_5_Nepali.pdf

व्यापक अन्यौल रहे पनि देशभरिकै नागरिकहरूमा निर्वाचनका लागि उच्च उत्साह रहेको थियो र नागरिकहरू झन्डै २० वर्षपछि स्थानीय प्रतिनिधि निर्वाचन गर्न उत्सुक थिए । प्रदेश ३, ४ र ६ मा मतदान दर ७३ प्रतिशतमा रहेको विवरणले पनि यस अवस्थालाई प्रतिबिम्बित गरेको थियो ।

आन्दोलनरत मधेशी दलहरुसँग सहमति सहज बनाउनका लागि दोस्रो चरणको निर्वाचनको मिति दुई पटक सारिसकिएको छ । राजधानीमा सहमतिका प्रयासहरु भइरहँदा तराईमा भने आम नागरिक र राजनीतिक दलहरुमा अन्यौल र अस्पष्टता रहेको डीआरसी पर्यवेक्षकले बताएका छन् ।

## ४. निर्वाचन कानून संरचना

*निर्वाचन प्रक्रिया*

निर्वाचन आयोगले बैशाख ३१ गते प्रदेश ३, ४, र ६ गरी ७४४ मध्ये २८३ नयाँ स्थानीय तहमा निर्वाचन सम्पन्न गऱ्यो । मतदाता नामावलीमा नाम भएका १,४०,५४,४८२ कुल मतदातामध्ये प्रदेश ३, ४, र ६ मा जम्मा ४९,५६,९२५ नागरिक मतदान गर्न योग्य थिए । प्रत्येक मतदाताले स्थानीय निकायका लागि एक प्रमुख, र एक उपप्रमुख, र वडाका लागि एक अध्यक्ष, एक महिला सदस्य, एक दलित महिला सदस्य, र दुई खुला सदस्य गरी एउटा मतपत्रमा सात प्रतिनिधिका लागि मतदान गरे ।[10] पहिलो चरणको निर्वाचनमा प्रतिस्पर्धामा उत्रिएका कुल ४९,३३७ उमेदवार मध्येबाट १३,५५६ प्रतिनिधि निर्वाचित भए ।

निवार्चित प्रतिनिधिहरूबाट बन्ने गाउँ सभा र नगर सभाले परिणाम आएको १५ दिनभित्र गाउँ तथा नगर कार्यपालिकाका लागि महिला, र दलित तथा अल्पसंख्यक सदस्यहरूको निर्वाचन गर्नेछ । कार्यपालिकाका महिला, र दलित वा अल्पसंख्यक सदस्यहरू स्थानीय निकायका सम्पूर्ण वडामा निर्वाचित सदस्य मध्येबाट चुनिने छन् । गाउँ कार्यपालिकाको हकमा चार महिला र दुई दलित वा अल्पसंख्यक सदस्य चुनिने छन् भने नगर कार्यपालिकामा पाँच महिला र तीन दलित वा अल्पसंख्यक सदस्य निर्वाचित हुनेछन् ।[11] स्थानीय निकायका प्रमुख तथा उपप्रमुख, र प्रत्येक वडाका अध्यक्ष स्वतः कार्यपालिकामा रहनेछन् । गाउँ र नगर कार्यपालिकाको निर्वाचन प्रक्रिया हुँदै गर्दा नयाँ स्थानीय शासन ऐन भने बन्न बाँकी नै छ । यसले गर्दा कार्यपालिकाको पूर्ण कार्य संचालनमा झन ढिलाइ हुनसक्ने देखिन्छ ।

*कानुनी संरचना*

नेपालको संविधान २०७२ ले निर्देशन गरेबमोजिम स्थानीय निर्वाचन संचालन गर्न आवश्यक ऐन, नियमावली, नीति, आदेश, र आचारसंहिताहरू व्यवस्थापिका संसदद्वारा अनुमोदन वा निर्वाचन आयोगद्वारा जारी गरिएका छन् । निर्वाचन आयोगद्वारा जारी गरिएका स्थानीय तह निर्वाचन नियमावली २०७४ र स्थानीय तह निर्वाचन निर्देशिका २०७४ स्थानीय निर्वाचन व्यवस्थापन गर्ने आधार हुन् । निर्वाचन आयोगले निर्वाचनका विभिन्न पक्षहरूको व्यवस्थापन गर्नका लागि थप निर्देशिकाहरू पनि जारी गरेको छ । वैशाख २३ मा जारी गरिएको स्थानीय तह निर्वाचन मतदान निर्देशिका २०७४ ले मतदान अधिकृतहरूको तालिम, मतदान अधिकृतले पालना गर्नुपर्ने कार्यविधि, मतदान केन्द्रमा आवश्यक निर्वाचन सामग्रीसम्बन्धी विवरण प्रस्तुत गरेको छ । निर्वाचन आयोगले वैशाख २८ मा स्थानीय तह निर्वाचन मतगणना निर्देशिका जारी गरेको थियो भने वैशाख ३० मा मतगणना अधिकृतहरूका लागि थप निर्देशन पनि जारी गरेको थियो । यी निर्देशनमा बदर मत कम गर्न मतगणना गर्दा लचकता अपनाउने अधिकारसम्बन्धी प्रावधानहरू उल्लिखित थिए । जेठ २ मा निर्वाचन आयोगद्वारा जारी गरिएको गाउँ कार्यपालिका र नगर कार्यपालिका निर्वाचन

[10] वडा तहमा मतदाताहरुले एक वडाध्यक्ष, एक महिला सदस्य, एक दलित महिला सदस्य र दुई खुला सदस्यका लागि मतदान गर्छन् भने स्थानीय निकाय तहमा एक प्रमुख र एक उपप्रमुखका लागि मतदान गर्छन् ।

[11] नेपालको संविधान २०७२ को धारा २१५ र २१६ अनुसार निर्वाचित सदस्य मध्येबाट गाउँ कार्यपालिकामा ४ महिला र २ दलित वा अल्पसंख्यक सदस्य, र नगर कार्यपालिकामा ५ महिला, र ३ दलित वा अल्पसंख्यक सदस्य निर्वाचित हुन्छन् । यद्यपि दलित वा अल्पसंख्यक सदस्य पदमा भने निर्वाचित बाहेकका व्यक्ति पनि उमेदवार हुन सक्छन् ।

निर्देशिका २०७४ ले स्थानीय निर्वाचनमा खटिएका अधिकारीहरूलाई नै कार्यपालिकाको निर्वाचन गराउने अधिकार प्रदान गरेको छ । यसबाहेक गैर सरकारी संस्था, संचार माध्यम, राजनीतिक दल, र राष्ट्रिय पर्यवेक्षकहरूका लागि बेग्लाबेग्लै आचारसंहिता पनि जारी गरिएका थिए ।

निर्वाचनसम्बन्धी केही कानूनको कार्यान्वयन र निर्वाचनको मिति घोषणामा भएका ढिलाइले आयोगको निर्वाचन तयारीमा असर पऱ्यो । आयोगले पटकपटक निर्वाचनको तयारीको लागि आफूलाई दिइएको समय अपर्याप्त भएको गुनासो गऱ्यो ।[12]

निर्वाचनसम्बन्धी कानुन तयार भइरहँदा आयोगले नै निर्वाचन मिति तय गर्न पाउनुपर्छ भन्ने विषय विवादित रहेको थियो ।[13] यसमा आयोग र सम्बन्धित सरोकारवालाहरूलाई पर्याप्त योजना र तयारी गर्न आफूले नै निर्वाचन मितिको तय गर्न पाउनुपर्छ भन्ने मत आयोगको रह्यो । यसले निर्वाचनसम्बन्धी सम्पूर्ण प्राविधिक तयारी र प्रवन्ध मिलाउन, आवश्यक मतदाता शिक्षा सञ्चालन गर्न, मतदाता नामावली अद्यावधिक गर्न, र मतदाता परिचय पत्र समयमै छाप्न पर्याप्त समय प्रदान गर्छ भन्ने आयोगको तर्क थियो । यद्यपि निर्वाचन आयोग ऐन २०७३ अनुसार निर्वाचन आयोगसँग परामर्श गरी सरकारले मिति तय गर्ने प्रावधान छ ।[14]

मतदाता नामावली ऐन, २०७३ को दफा ४ अनुसार निर्वाचनको मिति घोषणा भएसँगै मतदाता नामावली दर्ता स्वतः बन्द हुने प्रावधान छ ।[15] सरकारले एकाएक निर्वाचन मिति घोषणा गरेको कारण आयोगले धेरै योग्य मतदाताहरूलाई नामावलीमा समावेश गर्न सकेन ।

विद्यमान व्यवस्थापिका संसदमा प्रतिनिधित्व नभएका दलहरूले देशैभरि एकै चुनाव चिह्न नपाउने प्रावधान साना दलप्रति अन्यायपूर्ण र ठूला दलका पक्षमा रहेको भनी सर्वत्र विवादित रह्यो । स्थानीय तह निर्वाचन ऐन २०७४ को दफा २६ (६) र (७) का अनुसार व्यवस्थापिका संसदमा प्रतिनिधित्व भएका दलहरुको मात्र आफ्नै चुनाव चिह्न मतपत्रमा राख्ने प्रावधान छ । यस प्रावधानअनुसार संसदमा प्रतिनिधित्व नभएका दलका उमेदवारहरुले निर्वाचनमा स्वतन्त्र रुपमा भाग लिनुपर्ने र विभिन्न स्थानमा फरकफरक निर्वाचन चिह्न लिई प्रतिस्पर्धा गर्नुपर्ने बाध्यता छ । धेरै दलहरुको चुनाव चिह्न एकै मतपत्रमा समेट्न गाह्रो हुने कारणले यो नियम बनाइएको भनिए पनि यसले ठूला दलहरुलाई अधिक फाइदा भएको मानिन्छ ।

यसबाहेक आयोगले तोकेको निर्वाचन प्रचारप्रसार खर्चको हद अत्यन्त कम र अव्यावहारिक रहेको पनि धेरै पक्षले गुनासो गरे । स्थानीय तह निर्वाचन निर्देशिका २०७४ अनुसार नगरपालिकाका मेयरको हकमा चुनावी प्रचारप्रसारका लागि तोकिएको रु. ७,५०,००० को हद अपर्याप्त रहेको कुरा धेरै पक्षबाट उठाइयो ।[16] यद्यपि, प्रचारप्रसार खर्चको हदसम्बन्धी नियम प्रभावकारी रूपमा लागु नगरिएको र खर्चको हद उमेदवार र दलअनुसार स्वेच्छाचारी रूपमा भएको देखियो ।[17]

स्थानीय तह निर्वाचन निर्देशिका २०७४ र स्थानीय तह निर्वाचन पर्यवेक्षण निर्देशिका २०७४ ले निर्वाचन पर्यवेक्षणको निर्देशन र नियमन गर्दछन् । यद्यपि निर्वाचनका विभिन्न पक्षमा पर्यवेक्षकहरूको पहुँचका सन्दर्भमा निर्देशिकाबारे कैयौं

---

12 “निर्वाचनसम्बन्धी कानुन निर्वाचनका लागि मार्ग निर्देशक दस्तावेज हुन् । आवश्यक कानुन पुस महिनाअघि नै आउन सके हाम्रो तयारी सहज हुन्थ्यो,” प्रमुख निर्वाचन आयुक्त अयोधीप्रसाद यादवले भने । हेर्नुहोस्: http://kathmandupost.ekantipur.com/news/2016-12-13/lack-of-election-laws-puts-ec-in-a-fix.html

13 हेर्नुहोस्: https://thehimalayantimes.com/nepal/election-commission-vested-authority-announce-election-dates-ila-sharma/

14 हेर्नुहोस्: निर्वाचन आयोग ऐन २०७३ दफा ३ ।

15 हेर्नुहोस्: मतदाता नियमावली ऐन २०७४ दफा ४ ।

16 हेर्नुहोस्: स्थानीय तह निर्वाचन निर्देशिका २०७४ (१७४) ।

17 डीआरसी नेपालले पर्यवेक्षणका क्रममा भेटेका उत्तरदाताका अनुसार प्रायः उमेदवारहरुले चुनाव प्रचारप्रसारको खर्चको हदबन्दीलाई नाघेका थिए ।

निर्वाचन अधिकारीहरु अस्पष्ट रहेको पाइयो । विशेषगरी विभिन्न मतगणना स्थलमा पर्यवेक्षकको पहुँचमा रोक लगाइनु जस्ता कार्यले यी निर्देशिकाको कार्यान्वयनमा एकरुपता देखिएन ।[18]

### ५. पर्यवेक्षणका निष्कर्ष

### क. निर्वाचन अघिको अवधि

डीआरसी नेपालको वैशाख २८, २०७४ को निर्वाचन अघिको वक्तव्यमा उल्लेख भएझैं वैशाख २९ मा मौन अवधि सुरु हुने बेलासम्म वैशाख ३१ गतेको निर्वाचनको तयारी लगभग सम्पन्न भइसकेको थियो ।[19] मतदान केन्द्र तथा आवश्यक सामग्रीको व्यवस्था भइसकेको थियो, उमेदवार चयन प्रक्रिया सम्पन्न भइसकेको थियो र औसतमा सो प्रक्रिया सफल भएको मानिएको थियो र मौन अवधि सुरु हुनुअघि नै निर्वाचन प्रचारप्रसारका अभियानहरूले राम्रै गति पाइसकेका थिए । निर्वाचन आयोगले छोटो समयमै प्राविधिक तयारी सम्पन्न गरेको थियो र यसका लागि निर्वाचन आयोगको काम प्रशंसनीय छ ।

सामान्यतया सफल नै भए पनि यस अवधिमा केही समस्या देखिएको कुरा डीआरसी नेपालका पर्यवेक्षक तथा संचारमाध्यमले रिपोर्ट गरेका थिए । उमेदवार मनोनयन प्रक्रियाको लागि छुट्टयाइएको समय अत्यन्तै छोटो भएकाले उक्त प्रक्रिया अव्यवस्थित भएको तथा राती ढिलोसम्म गएको थियो । उक्त छोटो समयबारे विशेष गरी स्वतन्त्र उमेदवारहरू निरास देखिए । किनभने स्वतन्त्र उमेदवारसँग आफ्नो चुनाव चिन्हसहित प्रचारप्रसार गर्नका लागि एक हप्ताको समय मात्रै उपलब्ध थियो । दलका कार्यकर्ताहरूबीच थुप्रै भिडन्त भए । त्यस्तै, उमेदवारहरूमाथि आफ्नो उमेदवारी फिर्ता लिन दबाव परेको पनि जानकारी आएका थिए । सञ्चारमाध्यमका अनुसार दोलखा जिल्लाको गौरीशंकर गाउँपालिकामा वैशाख २६ गते एक व्यक्तिको मृत्यु भएको थियो ।[20]

अन्त्यमा, हतारको निर्वाचन, अस्पष्ट मतपत्र तथा अपर्याप्त मतदाता शिक्षाका कारण ठूलो अनुपातमा मतपत्र बदर होलान् भन्ने चिन्ता व्याप्त थियो । अन्तिम समयसम्म पनि डीआरसी लगायतले थप मतदाता शिक्षाका लागि आह्वान गरिरहेका थिए ।

*उमेदवार मनोनयन प्रक्रिया*

उमेदवार मनोनयन प्रक्रिया वैशाख १९ देखि वैशाख २२ सम्म जारी रह्यो र स्वतन्त्र उमेदवारहरूले वैशाख २२ मा चुनाव चिह्न प्राप्त गरे ।[21] केही क्षेत्रमा छिटपुट घटना बाहेक अन्य स्थानमा उमेदवार मनोनयन प्रक्रिया सम्पन्न भयो । डीआरसी नेपालका टोलीहरूले पर्यवेक्षण गरेका केही स्थानहरूमा राजनीतिक दल तथा स्वतन्त्र उमेदवारले उक्त प्रक्रिया अत्यन्तै जटिल तथा धेरै समय लाग्ने भएको गुनासो गरेका थिए । उदाहरणका निम्ति, सुर्खेत जिल्लाको चौकुने तथा कास्कीको पोखरा लेखनाथमा उमेदवार मनोनयन प्रक्रिया मध्यरातभन्दा ढिलोसम्म गएको थियो । जाजरकोट, दोलखा तथा लमजुङ जिल्लाका अन्य केही स्थानमा पनि त्यस्तै ढिलाइ भएको जानकारी आएको थियो ।

---

18 स्थानीय तह निर्वाचन पर्यवेक्षण निर्देशिका २०७४ (११) मा राष्ट्रिय पर्यवेक्षकको पहुँच र दायित्वबारे व्याख्या गरिएको छ ।

19 हेर्नुहोस्: डीआरसी नेपालको निर्वाचन अघिको वक्तव्य: http://democracyresource.org/wp-content/uploads/2017/05/DRCN_Pre-Election-Statement_11-May-2017.pdf

20 हेर्नुहोस् http://www.enayapatrika.com/2017/05/10/145035/

21 उमेदवारी मनोनयनका लागि एक जना प्रस्तावक र एक जना समर्थक हुनुपर्ने प्रावधान रहेको छ । उमेदवारी दर्ता गराउँदा धरौटी, आफ्नो दलको औपचारिक पत्र (स्वतन्त्र उमेदवारलाई लागु नहुने), नागरिकताको प्रमाण, र सोही स्थानीय निकायको मतदाता भएको प्रमाण समेत आवश्यक पर्छ । दलित महिला सदस्य उमेदवारले दलित भएको प्रमाण पनि पेश गर्नुपर्छ । हेर्नुहोस् स्थानीय निर्वाचन निर्देशिका २०७४ ।

*प्रचारप्रसार अवधि*

प्रायः चुनाव प्रचारप्रसार गतिविधि वैशाख २२ गते उमेदवार चयन तथा चुनाव चिह्न वितरण भएपछि मात्रै औपचारिक रूपमा सुरु भयो । भ्रमण गरिएका स्थानहरूमा चुनाव प्रचारप्रसार उत्साहपूर्ण रहेको जानकारी पर्यवेक्षकहरूबाट प्राप्त भयो । थुप्रै जिल्ला भ्रमणका दौरानमा पर्यवेक्षकहरूलाई विभिन्न दल तथा उमेदवारहरूले निर्वाचन हुने सुनिश्चित र उमेदवार चयन प्रक्रिया सम्पन्न नहोउन्जेल आफूले प्रचारप्रसार सुरु नगरेको जानकारी दिएका थिए । केही राजनीतिक दल तथा उमेदवारहरूले प्रचारप्रसारका लागि अत्यन्तै थोरै समय पाएकोमा निराशा व्यक्त गरेका थिए । चुनाव चिन्ह तोकिएपछि जम्मा ६ दिनमात्रै प्रचारप्रसार गर्न पाएका स्वतन्त्र उमेदवारहरू विशेष निराश थिए । उदाहरणका लागि, सुर्खेतमा एक राजनीतिक कार्यकर्ताले यसपटकको प्रचारप्रसार अवधिलाई विगतका निर्वाचनसँग दाँज्दै विशेष गरी यस पटकका स्थानीय एकाईहरू पहिलेभन्दा धेरै ठूला भएकाले यो प्रचारप्रसार अवधि अत्यन्तै छोटो र अपर्याप्त भएको बताए ।

*प्रचारप्रसार मौन अवधि*

मतदान सुरु हुनुभन्दा अघिका ४८ घण्टा प्रचारप्रसार मौन अवधि थियो जसबेला चुनावी प्रचारप्रसार गर्न निषेध थियो । दोलखाको एक घटनाबाहेक मौन अवधि उल्लङ्घनको कुनै गम्भीर घटनाको जानकारी प्राप्त भएन । नेकपा एमालेले दोलखामा गौरीशंकर गाउँपालिकामा वैशाख २८ गते मारिएका आफ्नो कार्यकर्ता कुलबहादुर तामाङको हत्याविरुद्ध प्रदर्शन गरेको थियो ।[22]

*निर्वाचनपूर्व सुरक्षा तथा हिंसा*

वैशाख ३१ अघिको समयमा निर्वाचनपूर्व सुरक्षा तथा हिंसा गम्भीर चिन्ताका विषय थिए । विरोधरत दलहरू तथा सरकारकाबीच राजनीतिक सहमति हुन नसकेको अवस्थामा तराईका जिल्लामा हिंसाको सम्भावना विशेष चिन्ताको विषय थियो । प्रदेश १, २, ५ र ७ मा निर्वाचन जेठ ३१ मा सारिएसँगै सुरक्षासम्बन्धी चिन्ता घटेर गयो ।  तर पहिलो चरणको निर्वाचन कुनै घटना बेगरै भएको पनि होइन । वैशाख ९ देखि वैशाख २७ सम्मको निर्वाचनपूर्वको समयमा कम्तीमा ५४ निर्वाचनसम्बन्धित घटना भएको तथ्य छ । तीमध्ये ३४ घटना हिंसात्मक थिए । यस अवधिमा निर्वाचनसम्बन्धित एक मृत्यु भएको थियो ।[23]

सुरक्षाबारे चिन्ता रहे पनि निर्वाचनपूर्वको अवधिमा अन्तर्वार्ता गरिएका प्रायः सबै सरोकारवालाहरूले नेपाल सरकार, निर्वाचन आयोग तथा सुरक्षा निकायहरूले निर्वाचनका लागि गरेको तयारीप्रति सन्तुष्टि जनाए । छिटफुट घटनाको सम्भावना भए पनि तिनको व्यवस्थापन गर्न सुरक्षा संयन्त्र तयारी अवस्थामा रहेको सरोकारवालाहरुले बताए ।

*निर्वाचनपूर्व नेकपा (विप्लव) संलग्न हिंसात्मक घटना*

नेत्रविक्रम चन्द 'विप्लव' को नेतृत्वमा रहेको नेपाल कम्युनिस्ट पार्टी- नेकपा (विप्लव) लाई नेपाल सरकारले निर्वाचनविरुद्ध गम्भीर सुरक्षा चुनौतीको रूपमा लिएको थियो । नेकपा (विप्लव) का नेताहरूले निर्वाचन बिथोल्ने आशयका वक्तव्य दिएका हुनाले नेपाल सरकार तथा सुरक्षा निकायहरूले राजनीतिक प्रकृतिका घटना न्यूनीकरण गर्न पहल गरे ।

---

22 हेर्नुहोस् https://thehimalayantimes.com/nepal/1-dead-dozens-hurt-cpn-m-uml-cadres-clash-dolakha/

23 हेर्नुहोस् डीआरसी नेपालको विश्लेषण अद्यावधिक ५-  वैशाख ३१ को निर्वाचनअघि प्रचारप्रसार अवधिमा भएका घटनाहरु http://democracyresource.org/wp-content/uploads/2017/05/Analysis-Update_5_Nepali.pdf

वैशाख ९ र वैशाख २६ का बीच नेकपा (विप्लव) कार्यकर्ता संलग्न भएका १५ भन्दा बढी निर्वाचनसम्बन्धित घटनाको विवरण प्राप्त भएको थियो ।[24] डीआरसी पर्यवेक्षकहरूले नेकपा (विप्लव) सुर्खेत, कालिकोट तथा जाजरकोट जिल्लामा सबैभन्दा सक्रिय रहेको पाए जहाँ उक्त दलका कार्यकर्ताले अन्य दल प्रतिनिधिलाई त्रास देखाउनेदेखि अपहरण गर्ने धम्कीसम्म दिएका थिए । कालिकोटको पुच्छेगाउँका नेकपा (माओवादी केन्द्र) का कार्यकर्ताले बताएअनुसार नेकपा (विप्लव) कार्यकर्ताहरूले नेकपा (माओवादी केन्द्र) को चुनावी प्रचारप्रसार अभियान बिथोल्ने उद्देश्यले आक्रमण गरेका थिए । नेकपा (विप्लव) कार्यकर्ताहरू प्रदेश ६ का विकटतम क्षेत्रहरूमा सक्रिय रहेको तथा ती क्षेत्रहरूमा नेकपा (विप्लव) कार्यकर्ताहरूले निर्वाचनसम्बन्धी गतिविधि बिथोल्ने सम्भावना रहेको जानकारी डीआरसी नेपालका पर्यवेक्षकहरूले पाएका थिए । कास्की जिल्लाका केही क्षेत्रमा नेकपा (विप्लव) ले राजनीतिक दलहरूलाई उमेदवारी फिर्ता लिन पर्चा बाँडेको जानकारी आएको थियो । पर्यवेक्षकहरूले मुगु जिल्लाको रारा छायानाथ नगरपालिकामा एक ठूलो घटनाको जानकारी पठाएका थिए जहाँ नेकपा (विप्लव) का कार्यकर्ताहरूले प्रहरीबाट संचार साधनसहित अन्य निर्वाचन सामग्री लुटेका थिए ।[25]

*निर्वाचनपूर्व प्रमुख राजनीतिक दलहरू संलग्न घटनाहरू*

निर्वाचन अवधिभरि नै नेपाली कांग्रेस, नेकपा एमाले तथा नेकपा माओवादी केन्द्र संलग्न निर्वाचनसम्बन्धित घटना भइरहे । विशेषगरी मतदानको दिन नजिकिँदै गर्दा निर्वाचन प्रचारप्रसार गतिविधि बढेसँगै यी प्रमुख दलहरू थुप्रै घटनामा संलग्न भएका थिए । प्रायः घटनाहरू वडास्तरमा प्रतिस्पर्धा गरिरहेका वा गाउँपालिका तथा नगरपालिकामा पदका लागि लडिरहेका विपक्षी राजनीतिक दलका कार्यकर्ताहरूबीच भएका थिए । निर्वाचन प्रचारप्रसारको दौरानमा प्रमुख राजनीतिक दलहरूबीच मुठभेड हुँदा चोटपटक लागेका घटनाहरू कम्तीमा १३ वटा थिए ।[26]

पर्यवेक्षकहरूले पर्यवेक्षण गरेका प्रायः सबै जिल्लामा तथा विशेषगरी दोलखा र जाजरकोट जिल्लाहरूमा तीन प्रमुख दलका कार्यकर्ताहरूबीच मुठभेडलाई मतदानको दिन हुनसक्ने हिंसाकोसम्भावनाको रुपमा पहिचान गरिएको थियो । दोलखामा मतदान कर्मचारीहरू लगायत विभिन्न व्यक्तिले डीआरसी नेपालका पर्यवेक्षकहरूलाई त्यहाँ मतदानका दिन हिंसाको लामो इतिहास रहेको बताएका थिए । मतदान केन्द्रहरूमा मुठभेडबारे चिन्ता तथा बुथ क्याप्चर हुनसक्ने सम्भावनाको आशंका पनि व्यक्त गरिएको थियो ।

*मतदाता शिक्षा तथा बदर मतपत्र*

निर्वाचनपूर्वको अवधिमा पर्यवेक्षकहरूले भ्रमण गरेको प्रायः सबै स्थानहरूमा अपर्याप्त मतदाता शिक्षाका कारण ठूलो अनुपातमा मतपत्र बदर हुनसक्ने चिन्ता व्यक्त भएको थियो । मतदान गरिने मतपत्र ठूलो आकारको तथा थुप्रै उमेदवार र पद भएका हुनाले जटिल थियो । विभिन्न व्यक्तिहरूले डीआरसी नेपालका पर्यवेक्षकहरूलाई बताएअनुसार निम्न कारणले मतदाता शिक्षा अपर्याप्त रहेको थियोः निर्वाचन हतारमा गरिएको थियो र मतदाता शिक्षाका लागि तोकिएको मिति वैशाख १, २०७४ मा सुरु हुन सकेन । प्रशिक्षकहरूले नै अपर्याप्त प्रशिक्षण पाएका हुनाले जटिल मतपत्रलाई स्पष्ट बुझाउन सकेनन् । मतदाता शिक्षा सामग्रीहरू जिल्लामा समयमा पुग्न सकेनन् । र, प्रशिक्षकहरू विशेषगरी जाजरकोट, कालिकोट, लमजुङ तथा दोलखा आदि जिल्ला तथा अन्य जिल्लाका थुप्रै विकट भागहरूसम्म

---

24 ऐ.ऐ.

25 डीआरसीका टोलीले निर्वाचनपछि भेटेका सुरक्षा अधिकारी र प्रत्यक्षदर्शीका अनुसार लगभग ५० को संख्यामा आएका नेकपा (विप्लव) का नकावधारी कार्यकर्ताले ढुंगामुढा र लौरी प्रयोग गरी निर्वाचन सामग्री आफ्नो नियन्त्रणमा लिनुका साथै प्रहरीबाट एक थान सञ्चार उपकरण र निर्वाचन अधिकृतबाट एक ल्यापटप लुटेका थिए । एक प्रहरी अधिकृतले तुरुन्तै थप सुरक्षा सहयोगको समन्वय गर्न नसकेको स्वीकारे । नेपाली सेनाले निर्वाचन सामग्री त्यही राती पुऱ्यायो र वैशाख ३१ मै निर्वाचन सम्पन्न भयो । यो घटनामा संलग्न कसैलाई पनि गिरफ्तार गरिएको छैन ।

26 हेर्नुहोस् डीआरसी नेपालको विश्लेषण अद्यावधिक ५- वैशाख ३१ को निर्वाचनअघि प्रचारप्रसार अवधिमा भएका घटनाहरु http://democracyresource.org/wp-content/uploads/2017/05/Analysis-Update_5_Nepali.pdf

पुगेनन् । प्रमुख दलहरूले विशेषगरी कास्की, काभ्रेपलाञ्चोक तथा ललितपुर जस्ता जिल्लाका शहरी क्षेत्रमा आफैँले सीमित रूपमा मतदाता शिक्षण आयोजना गरेको जानकारी आएको थियो ।

निर्वाचन आयोगले औपचारिक रूपमा मतदाता शिक्षण वैशाख १ गतेदेखि सुरु गर्ने निर्णय गर्यो । तर डीआरसी नेपालका पर्यवेक्षकहरूले तीनैवटा प्रदेशका केही स्थानमा मतदाता शिक्षामा ढिलाइ भएको जानकारी दिए । जाजरकोटमा स्वयंसेवकहरूलाई जिल्ला निर्वाचन कार्यालयबाट शिक्षण सामग्री संकलन गर्न १० दिन लाग्यो । प्रत्येक मतदान केन्द्रका लागि एक जना मतदाता शिक्षण स्वयंसेवक खटाइएको भए पनि डीआरसी नेपालसँग भेटघाट गर्ने सरोकारवालाहरूले मतदाता शिक्षाको प्रभावहिनताबारे असन्तुष्टि व्यक्त गरेका थिए । भ्रमण गरिएका जिल्लाका निर्वाचन अधिकारीहरूले स्वयंसेवक प्रशिक्षण तथा परिचालनका लागि समय अपर्याप्त भएको तथा शिक्षण सामग्री समयमा नआएको बताए भने स्थानीय स्तरका व्यक्तिहरूले भने प्रायः नागरिकहरूकहाँ मतदाता शिक्षा नपुगेको भन्ने आलोचना गरे । दोलखा तथा कास्की जिल्लामा जवाफदाताहरूले डीआरसी नेपालका पर्यवेक्षकहरूलाई स्वयंसेवकहरूका लागि तोकिएको मतदान केन्द्र विकट क्षेत्रमा पर्दा स्वयंसेवकहरू पैदलै हिंडेर जानुपर्ने हुँदा मतदाता शिक्षासम्म विकट क्षेत्रका मतदाताहरूको पहुँच अत्यन्तै न्यून रहेको बताए । जाजरकोट तथा कालिकोटमा विभिन्न व्यक्तिहरूले निर्वाचन बहिष्कार गरेको दल नेकपा (विप्लव) का कार्यकर्ताहरूले मतदाता शिक्षा बिथोलेको जानकारी दिएका थिए ।

*मतदाता नामावली*

नागरिकहरू तथा राजनीतिक दलका प्रतिनिधिहरूले फाल्गुन ९, २०७३ मा कुनै अग्रिम सूचना बेगरै एक्कासि निर्वाचन घोषणासँगै मतदाता नामावलीमा दर्ता हुने प्रक्रिया बन्द भएकोबारे गुनासो पोखेका थिए । तनहूँ र लमजुङ जिल्लामा डीआरसी नेपालका पर्यवेक्षकहरूलाई यस निर्वाचनमा मतदान गर्न नामावलीमा दर्ता हुने सम्भावना भएका व्यक्तिहरू ठूलो संख्यामा वहिष्करणमा परेको बताइयो । कालिकोट तथा जाजरकोटमा विभिन्न व्यक्तिले एक्कासि नामावलीमा दर्ता बन्द गरिँदा आवधिक श्रमका लागि भारत आप्रवासन गर्ने व्यक्तिहरू उल्लेख्य संख्यामा छुटेको बताएका थिए ।

मुस्ताङका जिल्ला निर्वाचन अधिकारीले डीआरसी नेपालका पर्यवेक्षकहरूलाई बताए कि उनको कार्यालयले मतदाता नामावलीसम्बन्धी गम्भीर समस्याहरू पहिचान गरेको थियो । २०७० को संविधानसभाको निर्वाचनमा मतदान गरेका १५० मतदाताको नाम हालको मतदाता सूचीमा छुटेको बताइयो । साथै नयाँ मतदाता नामावलीका लागि फोटो खिचाएका ११७ जनाको नाम अन्तिम नामावलीमा नदेखिएको बताइयो । जिल्ला निर्वाचन अधिकृतले निर्वाचन आयोगलाई औपचारिक जानकारी दिए । निर्वाचन आयोगले नामावली रुजु गरेर २४४ नाम सहितको नयाँ मतदाता सूची पठायो । तर त्यो नयाँ सूचीमा पनि १९८ मतदाताको मात्रै विवरण सही थियो । कुनै नाम तीन पटक परेका थिए भने अन्य नामहरू सूचीमा परेकै थिएनन् ।

*मतदाता परिचय पत्र*

मतदाता परिचय पत्र कहिले र कसरी वितरण गरिन्छ भन्नेबारे सूचनाको अत्यन्तै अभाव भएकाले डीआरसी नेपालले भ्रमण गरेको हरेक स्थानमा व्यापक चिन्ता व्यक्त भएको थियो । निर्वाचन आयोगले मतदाता परिचय पत्र कसरी वितरण हुनेछ भन्ने सूचना वैशाख २७ गते जारी गरेको थियो । तर पर्यवेक्षकहरूले भने वैशाख २८ देखि ३० गतेको छोटो अवधिमा परिचय पत्र प्रभावकारी ढंगले वितरण होलान् कि नहोलान् भन्ने चिन्ता कायमै रहेको भेट्टाए । मतदानभन्दा एक दिनअघि निर्वाचन आयोगले अर्को सूचना जारी गर्दै मतदाता नामावलीमा नाम भएका तर मतदाता परिचय पत्र लिइनसकेका मतदाताले नागरिकता अथवा सवारी चालक अनुमतिपत्र जस्तो मान्य परिचय दस्तावेज प्रयोग गरी मतदान गर्न पाइने घोषणा गर्यो ।

*विकट क्षेत्रसँग सम्पर्क*

चुनौतीप्रद भौगोलिक परिस्थितिका कारण निर्वाचन आयोग तथा अति ग्रामिण तथा विकट क्षेत्रबीच सम्पर्क असहज हुँदा निर्वाचन अधिकारीहरूलाई केही अप्ठेरो पर्‍यो । हतारमा गरिएको निर्वाचनको क्रममा आयोगले अन्तिम घडीमा नयाँ निर्णयहरू गर्दा यसको प्रभाव झनै टड्कारो देखियो । मुस्ताङ तथा जाजरकोटजस्ता विकट जिल्लाका निर्वाचन अधिकारीहरूले टेलिफोन सम्पर्क सन्तोषजनक नभएको तथा इन्टरनेट सम्पर्क निरन्तर र चाहिएजति छिटो नभएको चिन्ता व्यक्त गरेका थिए । मुस्ताङका एक अधिकारीका अनुसार निर्वाचन आयोगले निर्देशन तथा परिपत्रहरू इमेलबाट पठाएको थियो तर इन्टरनेट नचलेका हुनाले ती अधिकारीको टोलीले ती निर्देशनहरु पाएका थिएनन् । जाजरकोटमा अर्का अधिकारीले डीआरसी नेपालका पर्यवेक्षकलाई निर्वाचन आयोगले दैनिक सूचना अद्यावधिक बनाउने निर्देशन दिएको भए पनि उनीहरूले जिल्लाका केही विकट क्षेत्रबाट निर्वाचन आयोगलाई उमेदवार मनोनयनसम्बन्धी विवरण पठाउन नसकेको बताए ।

**ख. निर्वाचनको दिन**

निर्वाचनको दिनमा डीआरसी नेपालका पर्यवेक्षकहरु १०६ मतदान केन्द्रमा पुगेका थिए । निर्वाचनको दिनको प्रक्रियाबारे डिआरसी नेपालको पर्यवेक्षणको जानकारी सीमित छ र यसले बृहत आंकलन दिन सक्दैन । किनभने पर्यवेक्षकको समूह प्रतिनिधिमूलक नमुनाका लागि पर्याप्त मतदान केन्द्रमा पुगेका थिएनन् । डीआरसीको पर्यवेक्षण नतिजा राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक), आम निर्वाचन पर्यवेक्षण समिति (जियोक) र संकल्प लगायतका अन्य प्रमुख पर्यवेक्षक समूहले निर्वाचनका दिनबारे गरेको पर्यवेक्षणको नतिजासँग भने सामान्यतया मिल्दोजुल्दो नै छ ।

करिब २० वर्षपछि पहिलो पटक स्थानीय प्रतिनिधि छनोट गरिने हुनाले निर्वाचन भएका प्रदेशहरुमा निर्वाचनको दिनमा मतदाताको उत्साहप्रद सहभागिता थियो । निर्वाचन आयोगले भनेझैं र डीआरसी नेपालको पर्यवेक्षणले साधारणतया पुष्टि गरेझैं ७० प्रतिशतभन्दा बढी मत खसेको तथ्यले नागरिकको स्थानीय तहमा निर्वाचित प्रतिनिधि राख्ने चाहना देखायो । यसमार्फत ४९,३३७ उमेदवारमध्ये १३,५५६ प्रतिनिधि निर्वाचित भएका थिए ।

डीआरसीको सीमित पर्यवेक्षणबाट प्राप्त जानकारीअनुसार पर्यवेक्षण गरिएका स्थानमा मतदान प्राविधिक हिसाबले राम्रोसँग सञ्चालन भएको, तोकिएको समयमा सुरु भई सहज मतदान भएको र तोकिएकै समयमा सकिएको, केही अपवादबाहेका कुनै प्रमुख समस्याविना सकिएको थियो । पर्यवेक्षकहरुले मतदानमा खटिएका अधिकारीहरुले मतदानको सुरुआत, मतदान कार्य र समापन सामान्यतया विधिसम्मत नै गरेको जनाएका थिए । डीआरसीका पर्यवेक्षकहरुका अनुसार सुरुआती समयमा मतदाताको उपस्थिति एकनासले उच्च थियो भने समापनको समयमा लाइनमा भएका मतदाताले मतदान गर्न पाएका थिए । मतदाताको मतदानको आकांक्षालाई आदर गर्दै मतदाता परिचय पत्र बाहेक अन्य आधिकारिक परिचय पत्रको आधारमा भोट हाल्न पाइने भन्ने निर्वाचन आयोगले अन्तिम समयमा जारी गरेको निर्देशनलाई पालना गरिएको पनि डीआरसीका पर्यवेक्षकहरुले जनाएका छन् । मतदातालाई मतदान गर्न नदिई फर्काइएको डीआरसी नेपालले पर्यवेक्षण गरेको अथवा जानकारी पाएको थिएन ।

वैशाख २९ गते अर्थात मौन अवधिको सुरुआतदेखि जेठ १ गते सम्ममा निर्वाचनसम्बन्धी ८१ वटा घटना भएका थिए । तीमध्ये ४३ वटा हिंसक घटना थिए र तिनमा ३ जनाको मृत्यु भयो भने ४३ जना घाइते भए । लगभग सबै घटना प्रमुख दलहरुबीचका विवादका कारण सिर्जित थिए भने नेकपा (विप्लव) को निर्वाचन विरुद्धको विरोध अथवा अज्ञात समूहले गरिएको भनिए पनि धेरैजसो ठाउँमा नेकपा (विप्लव) ले नै गरेको ठानिएका केही घटना थिए ।[27]

---

[27] हेर्नुहोस् डीआरसी नेपालको स्थानीय निर्वाचनसम्बन्धी हिंसा र विवादबारेको प्रतिवेदन http://democracyresource.org/wp-content/uploads/2017/05/Factsheet.pdf

नेकपा (विप्लव) को निर्वाचन विथोल्ने सम्भावित प्रयासलाई सरकारले प्रमुख सुरक्षा खतरामध्येको एकको रुपमा पहिचान गरेको थियो र यस खतरालाई न्यूनीकरण गर्न धेरै मतदान स्थलमा उच्च सुरक्षा सतर्कता अपनाइएको थियो। नेकपा (विप्लव) ले गरेका घटनाले धेरै स्थानको मतदान प्रभावित पारे पनि देशभरको निर्वाचनलाई उल्लेख्य अवरोध पार्न सकेको थिएन। कालीकोट जिल्लामा भने एक मुख्य घटना भएको पाइयो जहाँ नेकपा (विप्लव) का कार्यकर्ताले मतपेटिका खोसेर जलाएका कारण पछि पुनः मतदान गर्नु परेको थियो। हुम्ला र मुगु जिल्लामा पनि निर्वाचन विथोल्ने प्रयास गरिएको पाइएको थियो। प्रहरीले प्रतिकारस्वरुप नेकपा (विप्लव) का कार्यकर्तामाथि गोली चलाएको भए पनि घाइते भएको पाइएन। निर्वाचनको दिनमा सबैरैका हिंसाजन्य घटनाहरुमध्ये भक्तपुर जिल्लाको मध्यपुर ठिमी नगरपालिकामा विष्फोटक पदार्थ भेटिएपछिको त्रास लगायतका थिए। नुवाकोटमा मतदानस्थल नजिकै विष्फोटक पदार्थ पड्केर एक जना घाइते भएको जानकारी प्राप्त भएको थियो।[28]

डीआरसी नेपालका पर्यवेक्षकहरुले कालिकोटका दुई मतदानस्थलमा (एउटामा नेकपा (विप्लव) ले मतपेटिका लुटेको हुनाले र अर्को मतदानस्थलमा सबै मत हालिनसक्दै मतपेटिका सिल गरिएकोले), काभ्रे जिल्लाको दुई मतदान स्थलमा (एउटामा वडा सदस्यका उमेदवारको मृत्यु भएकाले र अर्कोमा प्रहरीद्वारा वैशाख ३० गते एक स्थानीय मारिएकोले), भक्तपुरमा एक मतदानस्थलमा (अर्कै जिल्लाका लागि तयार पारिएको मत्र पत्र परेकोले), सिन्धुपाल्चोकको एक मतदान स्थलमा (निर्वाचन आयोगको निर्देशनसँग विवाद भएकाले), दोलखाको एक मतदान स्थलमा (मतपेटिका लुटिएको र प्रहरीद्वारा एक व्यक्तिको हत्या भएकाले), चितवनको एक मतदानस्थलमा (चट्याङबाट एक उमेदवारको मृत्यु भएकाले), र हुम्लाको एक मतदानस्थलमा (निमोनियाका कारण एक उमेदवारको मृत्यु भएकाले) पुनः मतदान भएको जानकारी गराएका थिए।

निर्वाचनको दिन सबैभन्दा धेरै झडप र सुरक्षासम्बन्धी घटना दोलखा जिल्लामा भएको पाइयो। यस जिल्लामा नेपाली काँग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र समेतका प्रमुख राजनीतिक दलहरुको संलग्नतामा ठूला घटना प्रशस्तै भएका थिए। नेकपा एमालेले मतदान आधाजसो भइसकेपछि बैतेश्वर, मेलुङ र तामाकोशी गाउँपालिकाका थुप्रै मतदान स्थलमा नेपाली काँग्रेसले बुथ क्याप्चर गरेको आरोपमा बहिस्कार गर्‍यो जसले गर्दा मतदान कार्यमा केही बेर अवरोध आयो। बैतेश्वरमा नेकपा एमालेका उमेदवारका सबै प्रतिनिधिहरुले नेपाली काँग्रेसले मतपत्र खोस्न प्रयास गरेको आरोप लगाउँदै मतदान स्थल केही बेरका लागि छोडेर हिँडेका थिए। मेलुङमा प्रहरीले बुथ क्याप्चर गर्न खोजेको आरोपमा दलका सदस्यमाथि गोली प्रहार गरेको थियो जसले गर्दा एक जनाको मृत्यु भयो।

### ग. निर्वाचन पछिको अवस्था, मतगणना र बदर मतपत्र

*मतगणना र बदर मतपत्र*

डीआरसी नेपालका टोलीले ६ जिल्लाका ६ केन्द्रमा मतगणनाको पर्यवेक्षण गरेका थिए।[29] यीमध्ये ललितपुर महानगरपालिकामा मात्र निर्वाचनकै दिन मतगणना सुरु भएको थियो। पोखरा लेखनाथ महानगरपालिका र भिमेश्वर नगरपालिकामा निर्वाचनको भोलिपल्ट मध्यान्हमा र, काठमाडौं महानगरपालिका र वीरेन्द्रनगर नगरपालिकामा भोलिपल्ट अपरान्ह ३ बजेमात्र मतगणना सुरू भएको थियो। निर्वाचन अधिकारीका अनुसार काठमाडौंमा ठूलो संख्यामा रहेका मतपेटिका मिलाउन र व्यवस्थापन गर्न समय लागेको थियो भने अन्य स्थानमा विभिन्न राजनीतिक दलबीच कसरी मतगणना गर्ने भन्ने विषयमा सहमति हुन नसकेका कारण मतगणना सुरू गर्न ढिलाइ भएको थियो।

भ्रमण गरिएका प्रत्येक केन्द्रमा मतगणनाको सुरुवात अस्तव्यस्त र अन्योलपूर्ण रहेको थियो। असहज र जटिल मतपत्र, कस्तो मतपत्रलाई सदर मान्ने भन्ने विषयमा राजनीतिक दलका प्रतिनिधिबीच बारम्बार हुने असहमति, र अपर्याप्त मतगणना अधिकारीका कारण मतगणनाको सुरूवात अत्यन्त सुस्त रह्यो। मूलतः निर्वाचनमा तालमेल गरेका नेपाली

28 नेकपा (विप्लव) ले यसको जिम्मेवारी दावी नगरे तापनि यस विष्फोटमा उनीहरू नै जिम्मेवार छन् भन्ने धेरैले विश्वास गरेको पाइयो।

29 डीआरसी नेपालको पर्यवेक्षण टोलीले ललितपुरको ललितपुर महानगरपालिका, कास्कीको पोखरा लेखनाथ महानगरपालिका, दोलखाको भिमेश्वर नगरपालिका, सुर्खेतको वीरेन्द्रनगर नगरपालिका र काठमाडौंको काठमाडौं महानगरपालिकामा मतगणनाको पर्यवेक्षण गरेका थिए।

काँग्रेस र माओवादी, र नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रतिनिधिबीचको असहमतिका कारण पोखरा लेखनाथ र ललितपुर महानगरपालिकामा मतगणना पटकपटक रोकिएको थियो । पहिलो चरणमा ९८ मतपत्र छुटेका कारण पोखरा लेखनाथ ५ मा पुनः मतगणना गरिएको थियो ।

डीआरसी टोलीले प्रत्यक्ष अवलोकन गरेका ६ केन्द्र र निर्वाचनपछि भ्रमण गरेका ३ वटै प्रदेशका अन्य जिल्लामा सामान्यतया मतगणना पारदर्शी रूपमा सम्पन्न भएको बताइएको थियो । बारम्बार भएका असहमति र ढिलाइका बाबजुद प्रत्येक मतपत्र सबै दलका प्रतिनिधिले देख्ने गरी गनिनु र कुनै पनि बेला प्रतिनिधिहरूले असहमति जनाउन पाउनु मतगणनाको सकारात्मक पक्ष थियो ।

निर्वाचनअघि असहज मतपत्र र अपर्याप्त मतदाता शिक्षाका कारण ठूलो संख्यामा मत बदर हुने आशंका गरिएको थियो । मतपत्रमा रहेका सातमध्ये एक या सोभन्दा बढी कोठाका मत बदर भए पनि मतपत्रलाई पूर्ण बदर नमान्ने निर्वाचन आयोगको निर्णय सकारात्मक थियो । डीआरसी टोलीले पर्यवेक्षण गरेका केन्द्रहरूमा केही कोठामा सदर र केही कोठामा बदर भएका मतपत्रहरू देखिएका थिए । यसबाट मतगणनामा ढिलाइ भए पनि नागरिकको मतको सम्मान भएको थियो । विभिन्न प्रकारका छाप र लतपतिएको मसीका सम्बन्धमा निर्वाचन आयोगले अन्तिम समयमा जारी गरेको निर्देशन पनि उपयोगी रह्यो ।

डीआरसी टोलीले प्रत्यक्ष अवलोकन गरेका केन्द्रहरूमा पूर्ण बदर भएका मतपत्रको संख्या न्यून पाइएको थियो । यद्यपि एक या सोभन्दा बढी कोठामा बदर भएका मतपत्रको संख्या भने उल्लेख्य थियो । मत बदर भएका अन्य कारणमध्ये एक प्रतिनिधिका लागि एक भन्दा बढी कोठामा छाप लगाउने, कुनै प्रतिनिधिका लागि छाप नलगाउने, स्वस्तिक लगाउने ठाउँमा औंठाछाप लगाउने, र दुई खुल्ला सदस्यका लागि दुईभन्दा बढी छाप लगाउने मुख्य थिए । डीआरसी पर्यवेक्षकका अनुसार निर्वाचनअघि भएका चुनावी तालमेलले सिर्जना गरेको अन्योलका कारण मूलतः स्थानीय निकायका प्रमुख र उपप्रमुख पदमा उल्लेख्य मत बदर भएका थिए ।

सुर्खेतका एक अधिकारीले डीआरसीलाई आफूले पाएको मतगणनासम्बन्धी सूचना र तालिम अपर्याप्त भएको बताए । मतगणना यति जटिल हुने आफूले नसोचेको उनको भनाइ थियो । उनले छाप र मतपत्रको रङ एकै हुनु र मतपत्र कम गुणस्तरीय हुनु जस्ता सामान्य कुराहरूले पनि मतगणनामा ढिलाइ भएको कुरा व्यक्त गरे ।

डीआरसी टोलीले भ्रमण गरेका केही केन्द्रहरूमा पर्यवेक्षकलाई मतगणनाको अवलोकन गर्न दिने विषयमा अन्योल रहेको पाइयो । यसको मुख्य कारण निर्वाचन अधिकारीहरू पर्यवेक्षकको पहुँचसम्बन्धी निर्वाचन आयोगले जारी गरेको निर्देशनप्रति अस्पष्ट रहेको देखियो । डीआरसी टोलीलाई सुर्खेतको वीरेन्द्रनगरमा मतदानपश्चात् मतपेटिका संकलनका बेला पर्यवेक्षण गर्न दिइएन, यद्यपि प्रमुख जिल्ला अधिकारीबाट स्वीकृति लिएपछि भोलिपल्ट मतगणनाको पर्यवेक्षण गर्न भने दिइयो । यसैगरी कास्कीको पोखरा लेखनाथ र दोलखाको भिमेश्वरमा पनि पर्यवेक्षक र पत्रकारहरूलाई मतगणनाका विभिन्न समयमा पहुँच दिइएन । स्थानीय तहमै मतगणना गरिएको कारण पनि अधिकारीहरूमा पर्यवेक्षकको पहुँचका सम्बन्धमा अस्पष्टता रहेको पाइयो ।

*निर्वाचन पछिको अवस्था*

डीआरसी टोलीले २० जिल्लाका ३१ स्थानीय निकायमा निर्वाचन अधिकारी, राजनीति दलका नेता, पत्रकार, र नवनिर्वाचित प्रतिनिधिलगायतका सरोकारवालाहरूसँग छलफल गरी निर्वाचन पछिको अवस्थाको पर्यवेक्षण गरेका थिए । यसअन्तर्गत निर्वाचन परिणाम, सुरक्षा अवस्था, र निर्वाचित प्रतिनिधिबाट आमनागरिकले गरेका अपेक्षा जस्ता विषयमा थप बुझ्ने प्रयास गरिएको थियो । डीआरसी टोलीले भ्रमण गरेका स्थानहरूमा निर्वाचन परिणाम सबैले स्वीकार गरेको पाइयो भने नवनिर्वाचित प्रतिनिधिमाथि आमनागरिकको अपेक्षा उल्लेख्य रहेको देखियो । मतगणना र विजय जुलुसका समयमा भएका केही सामान्य घटनाबाहेक सुरक्षा अवस्था सबल देखियो । निर्वाचनपछि जेठ १ देखि

जेठ ७ सम्म निर्वाचनसम्बन्धी जम्मा १३ वटा घटना रेकर्ड गरिएका थिए, जुन वैशाख २९ देखि निर्वाचनको दिन वैशाख ३१ सम्म रेकर्ड गरिएका ८१ वटा घटनाभन्दा ६८ कम हुन् ।[30]

जेठ १४ मा केही मतपत्र च्यातिएपछि भरतपुर महानगरपालिकाको मतगणना स्थगित गरिएको छ । निर्वाचन आयोगको मतपत्र च्यातिएको वडा नम्बर १९ को पुनः मतदान गर्ने निर्णयको प्रमुख विपक्षी दल नेकपा एमालेले विरोध गरेको छ भने आयोगको निर्णय विरुद्ध सर्वोच्च अदालतमा मुद्दा दर्ता भएको छ ।

डीआरसी पर्यवेक्षकहरुको विश्लेषणअनुसार निर्वाचन भइसकेका प्रदेशमा निर्वाचन पछिको अवस्था सामान्यतया स्थिर हुने देखिन्छ । यद्यपि निर्वाचन हुन बाँकी प्रदेशको अवस्थाप्रति भने विभिन्न आशंकाहरू विद्यमान रहेको पाइयो ।

नेपालको संविधान २०७२ अनुसार निर्वाचन परिणाम घोषणा भएको १५ दिनभित्र गाउँ र नगर कार्यपालिकाको निर्वाचन गरिसक्नुपर्ने छ । स्थानीय निर्वाचनमा खटाइएका निर्वाचन अधिकारीद्वारा सम्पन्न गराइने उक्त निर्वाचनबाट गाउँ कार्यपालिकाका लागि ४ महिला र २ दलित वा अल्पसंख्यक सदस्य, र नगर कार्यपालिकाका लागि ५ महिला र ३ दलित वा अल्पसंख्यक सदस्य निर्वाचित हुनेछन् । जेठ ११ सम्ममा डीआरसी टोलीले मुस्ताङको घोरपजङ र सिन्धुलीको सुनकोसी गाउँपालिकामा कार्यपालिका निर्वाचनका लागि उमेदवार मनोनयन प्रक्रियाको पर्यवेक्षण गरेका थिए । यी गाउँपालिकामा जेठ १६ मा निर्वाचन हुने जनाइएको थियो । स्थानीय निर्वाचन समापन भएका अन्य जिल्लामा पनि डीआरसी नेपालको पर्यवेक्षण जारी छ ।

## ६. निष्कर्ष र सुझाव

डीआरसी नेपाल प्रदेश नं. ३, ४ र ६ मा २०७४ सालको पहिलो चरणको स्थानीय निर्वाचन सम्पन्न गर्न निर्वाचन आयोग नेपालले चालेका प्रयासको सराहना गर्दछ । निर्वाचन आयोगको प्रयासलाई सघाउनका लागि नेपाल सरकार, राजनीतिक दल, नागरिक समाज, मिडिया, र पर्यवेक्षक समूह सबैले महत्वपूर्ण भूमिका खेलेका थिए । डीआरसी नेपाल ती नेपाली जनताले देखाएको उत्साहको अझ प्रशंसा गर्दछ, जसले २० वर्षपछि पहिलो पटक स्थानीय प्रतिनिधि छान्न पाएका थिए । डीआरसी नेपाल नवनिर्वाचित प्रतिनिधिलाई बधाइ दिन्छ र तिनले स्थानीय तहमा विकास र लोकतन्त्र स्थापित गर्न सहयोगी भूमिका खेल्नेछन् भन्ने आसा राख्दछ ।

पहिलो चरणको निर्वाचनबाट महत्वपूर्ण पाठ सिक्नुपर्ने देखिन्छ । निर्वाचन आयोगले छोटो समयमा आवश्यक प्राविधिक र अन्य बन्दोबस्तीका तयारी राम्ररी गरेको भए पनि केही समस्या भने देखियो । निर्वाचनका लागि छोटो समयावधि भएकाले हतारमा तयारी गरिएको थियो र अलमल्याउने खालको मतपत्रको ढाँचा, मतदाता नामावलीमा कम दर्ता, नामावली र परिचय पत्रमा समस्या, उमेदवारी मनोनयन तथा प्रचारप्रसारको छोट्याइएको अवधि, र कम प्रशिक्षित निर्वाचन कर्मचारी (अझ खास गरी मतगणनाको सन्दर्भमा) जस्ता कमजोरी विद्यमान थिए ।

सबैभन्दा मुख्य चिन्ता त प्रमुख राजनीतिक दलहरुको निर्वाचन पूर्व र निर्वाचनको समयको व्यवहार नै रह्यो । मिडियाले व्यापक उल्लेख गरेझैँ र डीआरसी नेपालका पर्यवेक्षक समूहले पुष्टि गरेझैँ दलहरुबीच हिंसाका छिटपुट तर गम्भीर घटना भए जसले गर्दा कम्तीमा ६ जनाको ज्यान गयो । हिंसा स्वीकार्य हुँदैन र दलहरुले यसलाई निन्दा गर्नै पर्छ ।

पहिलो चरणको निर्वाचन नयाँ संविधान कार्यान्वयनतर्फको महत्वपूर्ण पाइलो थियो । यद्यपि २०७४ असार १४ गतेलाई तोकिएको दोस्रो चरणको निर्वाचनबारे केही संशय छन् । डीआरसी नेपाल सरकारमा भएका र विरोधमा भएका दुवैखाले दलहरुलाई दोस्रो चरणको शान्तिपूर्ण निर्वाचनका लागि सहज वातावरण बनाउनका लागि इच्छा र तत्परता देखाउन जोडदार आग्रह गर्दछ ।

---

30 हेर्नुहोस् डीआरसी नेपालको विश्लेषण अद्यावधिक ६ http://democracyresource.org/wp-content/uploads/2017/05/Analysis-Update-6_Eng.pdf

माथि उल्लेख गरिएका पर्यवेक्षणका नतिजा र निष्कर्षका आधारमा डीआरसी नेपाल निर्वाचन आयोग, नेपाल सरकार, राजनीतिक दल र अन्य सरोकारवालालाई निम्न कार्यका लागि आह्वान गर्छ :

*दोस्रो चरणको निर्वाचनका लागि राजनीतिक वातावरण निर्माण गर्न*

- बाँकी प्रदेशहरु र खासगरी विभिन्न समूहले आफ्ना मागलाई बेवास्ता गरिए निर्वाचनको विरोध गर्ने भनेका तराईका स्थानहरुमा निर्वाचनको वातावरण बनाउन सबै राजनीतिक नेतृत्व तथा सरोकारवालाहरु लचिलो भई सम्झौता गर्न आवश्यक छ ।

*निर्वाचनसम्बन्धी हिंसा घटाउन*

- सबै दलहरुले कानुन र निर्वाचन आचारसंहिता कडा रुपले पालना गर्नुपर्छ र शान्तिपूर्ण निर्वाचनमा भाग लिन पाउने नागरिकको अधिकारको सम्मान गर्नु पर्छ ।
- सबै राजनीतिक दलका नेताहरुले आफ्ना उमेदवार र कार्यकर्तालाई निर्वाचनमा हिंसाको प्रयोग नगर्न निर्देशन दिनुपर्छ ।
- सुरक्षा बलले निर्वाचनको सुरक्षा दिँदा खासगरी प्रदर्शनकारी र प्रहरी बीच हालसालै आन्दोलन र हिंसा भएका ठाउँमा अत्यधिक संयम राख्नुपर्छ ।
- जोसुकैले गरेको भए पनि हिंसाका सबै क्रियाकलापको राम्ररी अनुसन्धान गरी दोषीलाई नेपालको कानुनबमोजिम सजायँ दिइनु पर्छ ।

*पर्याप्त मतदाता शिक्षा र चुस्त मतदाता नामावलीको सुनिश्चित गर्न*

- असार १४ को निर्वाचनका लागि मतदाता शिक्षा तत्काल बढाउन र मतदाता शिक्षा सामग्री एवं कार्यकर्ता तोकिएको स्थानमा ढिलो नगरी पुग्ने चाँजोपाजो मिलाउन निर्वाचन आयोग, नेपाल सरकार, राजनीतिक दल, र नागरिक समाजले पहल गर्नु पर्छ ।
- तराई र दुर्गम क्षेत्रका लागि रेडियो विज्ञापन, अझ खास गरी स्थानीय भाषामा बढाउन सके यसको पहुँच धेरै नै बढ्न सक्ने छ ।
- मतदाता नामावलीमा नामको हिज्जे नमिल्ने, नाम र फोटो नमिल्ने, नाम छुट्ने, र उही नाम दोहोरिने जस्ता गल्तीहरु भएको जानकारी बरोबर पाइयो । डीआरसी नेपाल निर्वाचन आयोगलाई मतदाता नामावली राम्ररी व्यवस्थापन गरी अद्यावधिक गर्न र निर्वाचन अघि स्थानीय एकाईमार्फत ठीक भए नभएको जाँच्न आग्रह गर्छ ।

*यथेष्ट तालिम प्रदान गर्न*

- निर्वाचन कर्मचारी, सुरक्षा अधिकारी, पत्रकार, र राष्ट्रिय पर्यवेक्षक लगायतका सबै सरोकारवालाहरुलाई निर्वाचनबारेका कानुन, निर्देशिका, र आचार संहिताबारे जानकारी होस् भनी उनीहरुलाई समयमै राम्रो तालिम दिइनु पर्छ ।

*छिटो मतगणनाको सुनिश्चितता गर्न*

- मतदान र गणनाका कर्मचारीलाई मतगणनमा हुने अन्यौल हटाउन र ढिलाइ रोक्न नमुना मतगणना सत्र लगायतका पर्याप्त तालिम र अभिमुखीकरणको व्यवस्था गरिनुपर्छ ।
- मतगणनाका लागि, खास गरी धेरै मतदाता भएका स्थानीय एकाईमा धेरै कर्मचारी खटाई मतगणना प्रक्रिया तीब्र पार्नु पर्छ ।
- निर्वाचन आयोगले आफ्नो मतगणना विधिको समीक्षा गरी प्रक्रियाको पारदर्शीता र सुरक्षामा आँच नआउने गरी मतगणना कार्य छिटो बनाउने उपाय खोज्न जरुरी छ ।

*पर्यवेक्षकको पहुँच बढाउन*

- पर्यवेक्षकलाई निर्वाचनको पूरै प्रक्रिया, खास गरी मतगणनाको पर्यवेक्षण गर्न नरोक्न निर्वाचन आयोगले जिल्ला र स्थानीय तहका अधिकारीहरुलाई राष्ट्रिय पर्यवेक्षकको अधिकार र कर्तव्यबारे स्पष्ट निर्देशन र सूचना दिनुपर्छ ।